# आधारभूत तह परीक्षा २०८२

कोड नं ०८२

कक्षा: ८ पूर्णाङ्क: ५०

विषय: सामाजिक अध्ययन तथा मानव मूल्य शिक्षा समय: २ घण्टा

**सबै प्रश्नहरु अनिवार्य छन् ।**

## समूह 'क'

**तलका प्रश्नहरुको अति छोटो उत्तर दिनुहोस् । ९x१=९**

१. संघीय शासन व्यवस्थाको कुनै एक फाइदा लेख्नुहोस् ।
२. प्राकृतिक र सांस्कृतिक सम्पदाको एक वाक्यमा फरक लेख्नुहोस् ।
३. अन्तर्राष्ट्रिय व्यक्तिहरुको जीवनी पढेर तपाईंको जीवनमा परेको कुनै एक सकारात्मक प्रभाव लेख्नुहोस् ।
४. संविधानलाई किन मूल कानुन भनिन्छ ? एक वाक्यमा लेख्नुहोस् ।
५. दाइजो प्रथा अन्त्यका लागि एउटा नारा तयार गर्नुहोस् ।
६. बौद्धिक पलायनलाई रोक्न राज्यले गर्नुपर्ने कुनै एक कार्य उल्लेख गर्नुहोस् ।
७. मौद्रिक कारोबार भन्नाले के बुझिन्छ ? एक वाक्यमा लेख्नुहोस् ।
८. हामीले स्वदेशमै बनेको बस्तु किन खरिद गर्नुपर्दछ ? एक वाक्यमा लेख्नुहोस् ।
९. नेपालमा विद्युतीय अपराधका घटना घटिरहेका समाचारहरु सञ्चार माध्यममा आइरहेका सुनिन्छन् । त्यस्ता साइवर अपराधका घटना नियन्त्रण गर्ने कुनै एक उपाय लेख्नुहोस् ।

## समूह 'ख'

**तलका प्रश्नहरुको छोटो उत्तर दिनुहोस् । ७x३=२१**

१०. यदि तपाईं स्थानीय सरकारको प्रमुख हुनुभयो भने तपाईंले आफ्नो ठाउँको विकास गर्न गर्नुपर्ने कुनै ३ वटा विकासका योजनाहरु उल्लेख गर्नुहोस् ।
११. 'नेपाल धार्मिक सहिष्णुताको अनुपम उदाहरण हो ।' यस भनाइलाई ३ बुँदामा पुष्टि गर्नुहोस् ।
१२. समुदाय स्तरमा द्वन्द्व व्यवस्थापनका कुनै ३ उपायहरु लेख्नुहोस् ।
१३. पूनर्जागरणले प्रभाव पारेका कुनै ३ क्षेत्र उल्लेख गर्नुहोस् ।
१४. जलवायु परिवर्तनका कुनै ३ ओटा असरहरु लेख्नुहोस् ।
१५. नेपालमा ग्रामिण क्षेत्रमा जनसङ्ख्या घट्दो क्रममा छ । यसलाई रोक्न के गर्नुपर्ला ? कुनै ३ बुँदामा सुझाव दिनुहोस् ।
१६. सामाजिक सञ्जालको प्रयोग गर्दा ध्यान दिनुपर्ने कुराहरु समेटी कुनै दुई साथीबीचको छोटा संवाद तयार पार्नुहोस् ।

## समूह 'ग'

**तलका प्रश्नको लामो उत्तर दिनुहोस् ।** **४x५=२०**

१७. सुशासनका कुनै पाँच वटा तत्वहरु उल्लेख गरी कुनै एक तत्वको बारेमा लेख्नुहोस् ।

१८. नेपालको पर्यटन क्षेत्रको विकासमा देखा परेका समस्या समाधान गर्ने कुनै ५ ओटा उपायहरु उल्लेख गर्नुहोस् ।

१९. सहिद भनेर कस्ता व्यक्तिलाई भनिन्छ ? सहिदबाट हामीले पाउने कुनै चार प्रेरणा उल्लेख गर्नुहोस् ।

२०. पृष्ठ भरिने गरी नेपालको नक्सा बनाई निम्न तथ्यहरु उपयुक्त संकेत प्रयोग गरी नक्सामा देखाउनुहोस् ।

(क) अपि हिमाल (ख) बर्दिया राष्ट्रिय निकुञ्ज

**समाप्त**